# बिजनबारीमा स्वामी विवेकानन्दको १५५औं जन्मजयन्ती पालन




**बिजनबारी, १२ जनवरीः** गत वर्ष झैं यस वर्ष पनि स्थानीय साई ग्राम स्थित युवा खेलकूद कार्यालय भवनमा स्थानीय नागरिक केबी लिम्बूको अध्यक्षतामा स्वामी विवेकानन्दको १५५औं जन्मजयन्ती समारोह सम्पन्न भयो। युवा कल्याण विभाग जीटीए अनि खेलकूद विभागको सौजन्यमा आयोजित कार्यक्रम युवा चेतना उत्सवको रूपमा पालन गरियो। कार्यक्रमको थालनी गर्दै सभापति तथा अतिथिवर्गहरूबाट स्वामीजीको प्रतिकृतिमा दीप प्रज्ज्वलन गरेपछि क्रमैसित कार्यक्रमलाई अघि बढ़ाइयो। कार्यक्रमको प्रथममा स-साना विद्यार्थी नानीहरूले नृत्य प्रस्तुत गरे। यसै क्रममा विद्यार्थीहरूबाट कविता पठन गरियो।

कार्यक्रममा पत्रकार बी. घिमिरेको पक्षबाट संक्षिप्तमा स्वामीजीको जीवनी पठन गरेर सुनाएपछि आयोजकको नेतृत्वमा कार्यालय प्राङ्गनदेखि र्‍यालीको परिभ्रमण स्थानीय क्षेत्र वरिपरि परिक्रमा गरियो। यस अवसरमा नानीहरूलाई बस अनि चित्र बनाउ कार्यक्रम पेश गरे।

# इसरोले रच्यो इतिहास, १००औं सेटेलाइट प्रक्षेपित

**श्रीहरिकोटा, १२ जनवरी।** श्रीहरिकोटाबाट भारतीय स्पेस रिसर्च सेन्टर (इसरो)ले शुक्रबार आफ्नो सेटेलाइट लाञ्चिङ व्हीकल पीएसएलवी सी-४० बाट ३१ उपग्रह प्रक्षेपित गर्‍यो। जसमा तीन स्वदेशी र २८ विदेशी उपग्रह छन्। अर्थ नेविगेशनको निम्ति प्रक्षेपित गरिएको १००औं उपग्रह कार्टोसेट-२ सीरीज मिशनको प्राथमिक उपग्रह हो। पीएसएलवीको साथ १३३२ किलो ओजनको ३१ उपग्रह एकीकृत गरिएको छ, जसले गर्दा उनीहरूलाई प्रक्षेपणपछि पृथ्वीको माथिल्लो कक्षामा तैनात गर्न सकियोस्। कूल ३१ उपग्रहमध्ये तीन भारतीय र २८ विदेशी छन्।



२८ अन्तरराष्ट्रिय सह यात्री उपग्रहमध्ये १९ अमेरिका, ०५ दक्षिण कोरिया र ०१ कनाडा, ०१ फ्रान्स, ०१ ब्रिटेन र ०१ फिनल्याण्डको छ। पृथ्वी अवलोकनको निम्ति ७१० किलोग्रामको कार्टोसेट-२ सीरीज मिशनको प्राथमिक उपग्रह हो। यसको साथै सह यात्री उपग्रह पनि छ, जसमा १०० किलोग्रामको माइक्रो र १० किलोग्रामको नेनो उपग्रह पनि सामले छ। अन्तरिक्ष विभाग अधीनस्थ भारत सरकारको एक कम्पनी, एन्ट्रिक्स कोरपोरेशन लिमिटेड (एन्ट्रिक्स), इसरोको वाणिज्यिक शाखा र अन्तरराष्ट्रिय ग्राहकहरूबीच वाणिज्यिक व्यवस्था अन्तर्गत २८ अन्तरराष्ट्रिय ग्राहक उपग्रहको प्रमोचन गरिएको छ। इसरोका अध्यक्ष किरण कुमारले भनेका छन्, चार महिना अघि ३१ अगस्त २०१७ मा यस प्रकारको एक प्रक्षेपास्त्र पृथ्वीको निम्न कक्षामा देशको आठौं नेविगेशन उपग्रहलाई वितरित गर्नमा असफल रहेको थियो। पीएसएलवी सी-४० वर्ष २०१८ को पहिलो अन्तरिक्ष परियोजना हो।

पीएसएलवी आफ्नो ३९औं परियोजना (पीएसएलवी-सी ३९) सम्म धेरै सफल रहेको थियो। पीएसएलवी-सी ३९ हाम्रो निम्ति एक धेरै ठूलो झटका थियो किनभने हीट शील्ड अलग हुन सकेको थिएन। के गलत हुन सक्छ भनेर हामीले विस्तारमा अध्ययन गर्‍यौं र यो पुनः नघोटस् भनी सुनिश्चित गर्‍यौं। पीएसएलवी-सी ४० को साथ हामीले खेलमा फिर्ती गर्‍यौं। किरण कुमारले यस उपलब्धिलाई देशको निम्ति नयाँ वर्षको उपहार बताएका छन्।

# इसरोको सफल प्रक्षेपण भारतीयहरूको निम्ति गौरवको क्षणः राष्ट्रपति

**नयाँ दिल्ली, १२ जनवरी।** राष्ट्रपति रामनाथ कोविन्द र प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो)को टीमलाई अन्तरिक्षमा उसका १००औं उपग्रहको सफल परीक्षणको निम्ति बधाई दिँदै यसलाई नयाँ वर्षको उपहार ठहर गरेका छन्।



राष्ट्रपति रामनाथ कोविन्दले इसरोलाई बधाई दिँदै बताएका छन्, छह मित्र राष्ट्रका २८ उपग्रह र २ सहयात्री उपग्रहको साथ, भारतको १००औं उपग्रह, कार्टोसेट ०२ को प्रक्षेपण हरेक भारतवासीको निम्ति गौरवको क्षण हो। असाधारण प्रतिभाले युक्त इसरोका वैज्ञानिकहरूलाई मेरो बधाई। हाम्रो देशको निम्ति यो एक महत्वपूर्ण उपलब्धि हो। प्रधानमन्त्री नरेन्द्र मोदीले भनेका छन्, आज पीएसएलवीको सफल प्रक्षेपणमा इसरो र उसका वैज्ञानिकहरूको म हृदयबाट नै प्रशंसा गर्दछु। नयाँ वर्षमा यस सफलताले हाम्रा नागरिक, किसानहरू, मछुआराहरू आदिलाई अन्तरिक्ष प्रौद्योगिकीको क्षेत्रमा देशलाई तीव्र गतिमा लाभ पुर्‍याउनेछ। इसरोद्वारा १००औं उपग्रहको शुभारम्भले आफ्नो शानदार उपलब्धीहरू र भारतको अन्तरिक्ष कार्यक्रमको उज्जवल भविष्यलाई दर्शाउँछ। पीएमले थप बताएका छन्, भारतको सफलताको लाभ हाम्रा भागीदारहरूको पनि उपलब्धि हो। आज प्रक्षेपित गरिएको ३१ उपग्रहमध्ये २८ अन्य देशहरूसित सम्बन्धित थिए।

# स्वामी विवेकानन्दको १५५औं जयन्तीमा राष्ट्रपति, प्रमले याद गरे

**नयाँ दिल्ली, १२ जनवरी।** राष्ट्रले शुक्रबार स्वामी विवेकानन्दको १५५औं जयन्तीलाई राष्ट्रिय युवा दिवसको रूपमा मनाइरहेछ। देशभरिमा स्वामी विवेकानन्दको जयन्तीमा अनेक कार्यक्रम आयोजित गरिएका छन्। यस अवसरमा राष्ट्रपति रामनाथ कोविन्द र प्रधानमन्त्री नरेन्द्र मोदी सहित धेरै केन्द्रिय मन्त्रीहरू औं भाजपा नेताहरूले उनलाई याद गरे। नामी स्याण्ड आर्टिस्ट सुदर्शन पटनायकले ओडिशाको पुरीमा समुद्र किनारामा विवेकानन्दको बलुवाले विशाल मूर्ति बनाएर न्यू इण्डियाको निर्माणमा युवा शक्ति संगठित हुनुपर्ने सन्देश दिएका छन्। राष्ट्रपति रामनाथ कोविन्दले आफ्नो आधिकारिक ट्विटर ह्याण्डलमा जारी शुभकामना सन्देशमा भनेका छन्, स्वामी विवेकानन्दको जयन्तीको शुभ अवसरमा उनको स्मृतिलाई म नमन गर्दछु। त्यस महान विद्वान, सन्त औं राष्ट्र निर्माताको सम्मानमा हामीले आजको दिन 'राष्ट्रिय युवा दिवस' को रूपमा मनाउँछौं। प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सन्देशमा भनेका छन्, म स्वामी विवेकानन्दको जयन्तीमा उनलाई नमन गर्दछु। आज, राष्ट्रिय युवा दिवसको अवसरमा म आफ्ना युवाहरूको अदम्य ऊर्जा र उत्साहलाई नमन गर्दछु, जो न्यू इण्डियाका निर्माता हुन्। भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रीय अध्यक्ष अमित शाहले आफ्नो सन्देशमा भनेका छन्, भारतीय संस्कृतिको सुगन्धलाई सम्पूर्ण विश्वमा छर्ने युवा सन्यासी स्वामी विवेकानन्द साहित्य, दर्शन र इतिहासको प्रकाण्ड विद्वान थिए। स्वामी विवेकानन्दको विचार र उनको रचनाहरूले भावी पीढ़ीसम्म देशका युवाहरूको मार्गदर्शन गरी उनीहरूलाई राष्ट्रनिर्माणको निम्ति प्रेरित गरिरहनेछ। आज उनको जयन्तीको शुभ-अवसरमा उनलाई कोटि-कोटि नमन एवं समस्त युवाहरूलाई 'युवा दिवस' को हार्दिक शुभकामना।

# डीआरआईद्वारा दुई तस्कर पक्राउ, ४.५ करोड़को सुन जफ्त

गुवाहाटी, १२ जनवरी। गुवाहाटीमा बिहीबार राति डायरेक्टरेड अफ रेवेन्यू इन्टेलिजेन्स (डीआरआई)ले गुप्त सूचनाको आधारमा अभियान चलाएर दुई तस्करलाई पक्राउ गर्नको साथै तस्करहरूदेखि १४ किलो ९४३ ग्राम सुन जफ्त गर्‍यो, जसको मूल्य ४.५ करोड़ रूपियाँ बताइँदैछ। सूत्र अनुसार, सुनलाई छिमेकी राष्ट्र मन्यान्मारबाट मणिपुर हुँदै गुवाहाटी ल्याइएको थियो। जसलाई देशका अन्य राज्यहरूमा पठाउने योजना थियो। पक्रा परेका तस्करहरूको पहिचान संग्थाम नेहरू सिहं र बामखोईराकपामको रूपमा गरिएको छ। जफत गरिएको सुनको मूल्य ४,५५,०१,४३५ रूपियाँ मापिएको छ। डीआरआईले यस सम्बन्धमा मामिला दर्ता गरी पक्रा परेका दुवै तस्करसित केरकार गरिरहेछ।

# दुई केपीएलटी आतंकी पक्राउ

**कार्बी आङलोङ, १२ जनवरी।** असमको पहाड़ी जिल्ला कार्बी आङलोङको बकुलियाघाटको दिसवाईबाट पुलिसले प्रतिबन्धित संगठन कार्बी पीपुल्स लिबरेशन टाइगर्स (केपीएलटी)को दुई क्याडरलाई पक्राउ गरिएको छ। पुलिस अनुसार, आतंकीहरूको पहिचान जगत टिस र राजेश टिसको रूपमा गरिएको छ। गुप्त सूचनाको आधारमा चलाइएको एक अभियानमा दुवै आतंकीलाई पक्राउ गरिएको छ। यी दुवैदेखि अत्याधुनिक हतियार बाहेक छह राउण्ड जीवित कारतूस पनि जफत गरिएको छ। दुवै आतंकी क्षेत्रमा संगठनको निम्ति नयाँ क्याडरको भर्तीको निम्ति युवाहरूलाई आफ्नो जालमा फंसाउने प्रयासमा जुटेका थिए। बिहीबार राति दुवैलाई दिसबाईको एक घरबाट पक्राउ गरिएको छ। दुवैमाथि क्षेत्रमा गुप्त तरीकाले आतंकी संगठनको निम्ति धन असूली समेत अन्य आतंकी गतिविधिहरूलाई अन्जाम दिएको आरोप छ। पुलिसले यस सम्बन्धमा एक प्राथमिकी दर्ता गरी जाँच शुरू गरेको छ। आतंकीहरूसित केरकार जारी छ।

# भारतीय मूलका रवि रगबीरलाई स्वदेश पठाइयो

**न्यूयार्क, १२ जनवरी।** आप्रवासन आन्दोलनका एक उत्साही कार्यकर्ता भारतीय मूलका रवि रगबीरलाई बिहीबार स्वदेश पठाइयो। रवि ब्रुकलीनमा आफ्नी उकील पत्नी अनि छोरीको साथ बस्ने गर्थे। पुलिस अनुसार, रविले आइतबार यहाँ आप्रवासन समस्यामा ट्रम्प प्रशासनको नीतिहरूको विरोधमा फेडरल प्रशासन भवन बाहिर प्रदर्शन गर्ने भएका थिए। यस मामिलामा पुलिसले १६ जनालाई पक्राउ गरेको छ। भारतीय मूलका रवि त्रिनीदाड र टोबाको निवसी थिए। उनी १९९४ मा अमेरिकाको स्थायी निवासी बनेका थिए।

# अमेरिकामा पहिलोपल्ट भारतवंशीलाई फाँसी दिइने

वाशिङ्गटन, १२ जनवरी (हिस)। अमेरिकामा दोहोरो हत्याकाण्डको दोषी भारतीय मूलको एक व्यक्तिको फाँसीको मिति आगामी महिना निर्धारित गरिएको छ। ज्ञात होस्, रघुनन्दन यान्दामुरी (३२)लाई साल २०१४ मा ६१ वर्षीय भारतीय महिला साथै उसका १० महिनाको नातिनीको अपहरण अनि हत्याको आरोपमा फांसीको सजाय सुनाइएको थियो। स्थानीय सुधार गृहका अधिकारीहरूले यान्दामुरीको मृत्युदण्डको मिति २३ फरवरी तय गरेका छन्। तथापि, पेनसिलवानियाका गभर्नर टम वुल्फको तर्फबाट साल २०१५ मा उसको मृत्युदण्डमा रोकको कारण सजायमा प्रतिबन्ध लाग्न सक्छ। यान्दामुरी पहिलो भारतीय-अमेरिकी हो, जसलाई फांसीको सजाय सुनाइँएको छ। संघीय अधिकारीहरूले आरोप लगाएका छन्, फिरौतीको निम्ति रचिएको षड़यन्त्र अन्तर्गत हत्या गरियो। आन्धप्रदेशको निवासी यान्दामुरी एच१बीच भीजामा अमेरिका आएको थियो। उसले इलेक्ट्रिकल र कम्प्यूटर साइन्स इन्जीनियरिङमा एडवान्स डिग्री लिएको छ। उसले आफ्नो सजाय विरूदध अपील गर्‍यो, तर अप्रेलमा अपील खारेज गरियो। स्थानीय टाइम्स हेराल्डले बताएको छ, प्राणघातक इन्जेक्शनको माध्मयले उसको मृत्युको मिति २३ फरवरी निर्धारित गरिएको छ।

# प्रदेश भाजपा कार्यालयमाथि हमला

कोलकाता, १२ जनवरी (हिस)। कोलकाताको मुरलीधर सेन लेनस्थित भारतीय जनता पार्टीको प्रदेश कार्यालयमा शुक्रबार तृणमूल समर्थकहरूले हमला गरे। यस अवधिमा आक्रमणकारीहरूले भाजपा कार्यालयमाथि ढुंगा फ्याँके तथा तोड़फोड़ गर्ने प्रयास गरे। घटनाको समय प्रदेश भाजपा अध्यक्ष दिलीप घोष र मुकुल रोय कार्यालयमै थिए। सूचनापछि घटनास्थल पुगेको पुलिसले स्थितिलाई नियन्त्रित गर्‍यो। भाजपाको संकल्प अभियान अन्तर्गत शुक्रबार बाइक र्‍याली हुनु थियो। यस सिलसिलामा कोलकाता पुगेका भाजपाका केही समर्थकहरू जोड़ाबगानस्थित एक होटलमा बसेका थिए। त्यहाँ पनि तृणमूल समर्थकहरूले हमला गरे। पाथुरिया घाट स्ट्रीट क्षेत्रमा पनि भाजपा र तृणमूल समर्थकहरूबीच जम्मेर संघर्ष भयो। यी घटनाहरूको कारण तनावको स्थिति उत्पन्न भएको छ। गड़बड़ी भएका स्थानहरूमा भारी संख्यामा पुलिस बललाई तैनात गरिएको छ।

# जस्टिस लोयाको मृत्युको जाँचमा सुनवाई १५ जनवरीमा

नयाँ दिल्ली, १२ जनवरी (हिस)। गुजरातमा सोहराबुद्दीन एनकाउन्टर केसको सुनवाई गरिरहेका जज लोयाको मृत्युको स्वतन्त्र जाँचको माग गरिएको याचिकामा सुप्रीम कोर्टले १५ जनवरीमा सुनवाई गर्नेछ।



जस्टिस अरूण मिश्राको अध्यक्षता रहेको बेञ्चले केन्द्र र महाराष्ट्र सरकारलाई याचिका पूर्ण रूपमा पढ़ेर कोर्टमा बहसको निम्ति तयार भएर आउने निर्देश दिएको छ। कोर्टले बताएको छ, यो मामिला धेरै संवेदनशील छ। यसैले पूरा तयारी बिना कोर्टले यसमा सुनवाई गर्नेछैन। ११ जनवरीमा यस मामिलामा शीघ्र सुनवाई गर्न सुप्रीम कोर्ट तयार भएको थियो। महाराष्ट्रको एक पत्रकारको तर्फबाट उकील अनीता शेनायले सुप्रीम कोर्टसित जज लोयाको मृत्युको स्वतन्त्र जाँचको माग गरेकी थिइन्। जज लोयाको मृत्युको जाँचको माग गर्दै बम्बे हाईकोर्टमा पनि याचिका दर्ता गरिएको छ। जस्टिस लोयाको मृत्यु ३० नोभेम्बर-१ दिसम्बर २०१४ को मध्य रात्रिमा नागपुरमा भएको थियो। त्यस दिन उनी आफ्ना साथी जजको छोरीको विवाहमा सामेल हुन नागपुर गएका थिए।


## Anthyesti Kriya



Anthyesti Kriya of Late Shri Churamani Gajmer who left for heavenly abode on 5th January 2018 falls on 17th January 2018. All relatives, friends, well wishers are requested to join us in offering prayers to the departed soul at our residence Indira Bye – Pass above Car Plus, near SDF Bhawan. We take this opportunity to express our sincere gratitude to all who extended their support in this hour of bereavement.

**Bimla Devi (Wife)**
**Dr. Sanjay M. Gajmer (Son)**
**Dr. Sunita Joshi Gajmer (Daughter - in- law)**
**Sanjeeta Gajmer, Sabita Gajmer, Sunita Gajmer (Daughters)**
**Arun Rasaily, Randip Singh Khati (Sons – in – law) & the entire Gajmer Family.**
**Contact: 9832077397, 9734034932, 9832092256**


# पर्याप्त साक्ष्य बिना गान्धीको हत्याको पुनः जाँच नहुनेः सुप्रीम कोर्ट

नयाँ दिल्ली, १२ जनवरी (हिस)। राष्ट्रपिता महात्मा गांधीको हत्याको पुनः जाँचको माग गरिएको याचिकामा सुनवाई गर्दै सुप्रीम कोर्टले पुनः जाँचको आदेश तबसम्म दिन नसक्ने जबसम्म रहस्यमयी चौथो गोलीद्वारा गांधीको हत्या भयो भनेर ठोस साक्ष्य भेटिन्दै भनेको छ। सुप्रीम कोर्टले याचिकाकर्तासित याचिका यति ढिलो किन गरियो भनी प्रश्न गर्‍यो। सुप्रीम कोर्टले सोध्यो, तपाईको यो याचिका किन सुनियोस्। तपाईले जुन फोटोग्राफलाई साक्ष्यको रुपमा पेश गरेका छन्, त्यसलाई साक्ष्य कसरी मानियोस्, जब फोटोग्राफर नै जीवित छैन। यी प्रश्नहरूको जवाफ दिन याचिकाकर्ता पंकज फडनीसले समयको माग गरे, जसपछि सुप्रीम कोर्टले चार सातामा जवाफ दिने निर्देश दियो। गत ०८ जनवरीमा सुप्रीम कोर्टद्वारा नियुक्त एमिकस क्यूरी अमरेन्द्र शरणले आज सुप्रीम कोर्टलाई बताएका छन्, यस्तो कुनै साक्ष्य छैन जसले महात्मा गांधीको हत्या नाथूराम गोडसे बाहेक अन्य कुनैले गरेको बताउँछ। याचिकाकर्ताद्वारा दिइएको



चार गोलीको थ्योरीको पक्षमा कुनै साक्ष्य छैन। अमरेन्द्र शरणले यो पनि भनेका थिए, यस्तो कुनै साक्ष्य हासिल भएको छैन जसले महात्मा गांधीको हत्याको पछाड़ी अन्य कुनैको हात थियो भन्ने प्रमाणित गरोस्। यसैले अब यस मामिलाको पुनः जाँचको कुनै आवश्यकता छैन। पछिल्लो सुनवाईमा महात्मा गांधीका पलाती तुषार गांधीले महात्मा गांधीको हत्याको पुनः जाँच गर्ने मागको विरोध गरेका थिए। यसपछि सुप्रीम कोर्टले एमिकस क्यूरी अमरेन्द्र शरणसित यसको कानूनी पक्षबारे साधेको थियो। सुनवाईमा तुषार गांधीको तर्फबाट अधिवक्ता इन्दिरा जयसिंहले यस मामिलामा पक्षकार बनाउने माग गरेकी थिइन्। उनले भनेकी छन्, हत्याको ७० वर्षपछि यस मामिलाको जाँच कसरी गर्न सकिन्छ। यो सामान्य आपराधिक कानून विपरित हो। सुनवाईमा एमिकस क्यूरी अमरेन्द्र शरणले भनेका थिए, उनलाई थप समय प्रदान गरियोस्। उनले राष्ट्रिय अभिलेखागारबाट केही दस्तावेज पाएका छन्। गत ०६ अक्टोबरमा सुप्रीम कोर्टले मामिलामा सुनवाई गर्दै यस याचिकामा आश्चर्य व्यक्त गरेको थियो।

# सन फिस्ट कप २०१७ असमको झोलीमा

गुवाहाटी, १२ जनवरीः उत्तर पूर्व भारतको सबैभन्दा महत्वपूर्ण अनि मर्यादापूर्ण फुटबल टुर्नामेन्ट सन फिस्ट फुटबल टुर्नामेन्टको समापन असम बनाम मिजोरमबीच सम्पन्न भएको फाइनल म्याचबाट भयो। दुवै टोलीका खेलाड़डीहरूले उत्कृष्ट अनि रोमाञ्च फुटबल खेलको प्रदर्शन गरेर उपस्थित दर्शकलाई रोमाञ्च तुल्याए। मिरोजम मेभेरिक्स-एमएफए ग्रास रुट अनि असम एमेजर्स असम स्टेट फुटबल एकाडमीबीच भएको फाइनल म्याचमा मिजोरमका टोलीलाई गपराजित गरी असमका टोलीले यस महत्वपूर्ण सन फिस्ट कप आफ्नो झोलीमा पार्‍यो। सन फिस्ट कप टुर्नामेन्टको यो तेस्रो संसल्करणमा उत्तर पूर्वका ६ वटा राज्यका मोठ ३७७ वटा टोलीले अंशग्रहण गरेको थियो। विभिन्न विभागमा अन्तर्गत आयोजन गरिएको थियो जसमा ती ६ वटा राज्यबाट अण्डर १३ अनि अण्डर १६ क्याटोगरीको साथै यसचोटि प्रथम पल्ट ३ वटा राज्यबाट अण्डर १६ गर्ल्स क्याटोगोरीबीच पनि प्रतियोगिता आयोजन गरियो। प्रतियोगिता यी राज्यका नवदीत युवा फुटबल खेलाड़ीहरूलाई प्रोत्साहन दिने उद्देश्यमा आयोजन गरिएको हो। फाइनल म्याचको अवसरमा मुख्य अतिथिको रूपमा उदय चेतिया, डेपुटी डाइरेक्टर स्पोर्टस् एण्ड युथ वेलफेयर, असम सरकार अनि सुब्रत देववर्मा, प्रेसिडेन्ट त्रिपुरा फुटबल एसोसिएशन उपस्थित थिए।

# हायर सेकेण्डरीमा सर्वोच्च अकं पाउने १००० छात्रलाई सरकारले बाड्यो स्कूटी

गुवाहाटी, १२ जनवरी। असमको सत्ताधारी पार्टी भारतीय जनता पार्टीले विधानसभा चुनावहरूमा गरिएको आफ्नो अझ् एक वाचा शुक्रबार पूरा गर्‍यो। असम सरकारको शिक्षा विभागले हायर सेकेण्डरीको परीक्षामा सर्वोच्च अंक पाउने १००० छात्रलाई स्कूटी प्रदान गरेको छ। यस अवसरमा राजधानीको गुवाहाटी मेडिकल कलेज अस्पताल (जीएमसीएच) को सभागारमा आयोजित एक कार्यक्रममा मुख्यमन्त्री सर्वानन्द सोनोवालले छात्रहरूलाई स्कूटी प्रदान गरे। यस अवसरमा राज्यका शिक्षा मन्त्री डा. हिमन्त विश्वशर्माको साथै अन्य धेरै गणमान्य व्यक्ति पनि उपस्थित रहे। यस अवसरमा बोल्दै शिक्षा मन्त्रीले बताएका छन्, यो कार्यक्रम हाम्रो पार्टीको चुनावी एजेण्डामा सामेल थियो, जसलाई सरकारले पूरा गरेको छ। यो असमको क्रमवार विकासको कड़ी हो। राज्यमा कला संकायमा लगभग १.५ लाख छात्र पढ्छन्, जबकि विज्ञान संकायमा ११ हजार र वाणिज्य संकायमा १५ हजार। यस स्थितिलाई बदलिनुपर्नेछ। विज्ञानप्रति छात्रहरूमा जागरुकता पैदा गर्नुपर्नेछ। विज्ञानलाई जनप्रिय बनाउने दायित्व राज्य सरकारको हो, जसलाई हामी पूरा गर्नेछौं। शिक्षा मन्त्रीले भनेका छन्, स्कूटी नलिने छात्रहरूलाई नगद ३५ हजार रूपियाँ प्रदान गरिएको छ।


## अन्त्येष्टि क्रिया



हाम्री प्यारी छोरी १५ वर्षीया सविता गुरुङको गत ३ जनवरी २०१८ को दिन निधन भयो। यस दुःखद घडीमा हामी शोकाकूल परिवारप्रति सहानुभूति प्रकट गर्दै उनको शवयात्रामा सहभागिता जनाउनु हुने सम्पूर्ण आफन्त, इष्ट-मित्र, छर छिमेक, साथी भाइ तथा शुभचिन्तकहरूप्रति कृतज्ञता प्रकट गर्दै आगामी १६ जनवरी २०१८ को दिन निज निवास दिछिलिङ पार्किङ प्लाजा, रोङ्गे स्कूल नजिक सम्पन्न हुने अन्त्येष्टि कार्यमा उपस्थित भई दिवांगत आत्माको चिर शान्तिको निम्ति प्रार्थना गरिदिनु हुन हामी निवेदन गर्दछौं।

विनीत
प्रेम गुरुङ-सीता तामाङ (आमा-बाबा)
पूर्णिमा गुरुङ (जेठी दिदी), अनमोल गुरुङ (भाइ)
सम्पर्कः 7872887232

## अन्त्येष्टि क्रिया



हाम्री आदरणीय आमा विष्णुमाया छेत्रीको आकास्मित निधन गत २ जनवरी २०१८ को दिन भयो। यस दुःखद घडीमा हामी शोकाकूल परिवारप्रति सहानुभूति प्रकट गर्दै उनको शवयात्रामा सहभागिता जनाउनु हुने सम्पूर्ण आफन्त, इष्ट-मित्र, छर छिमेक, साथी भाइ तथा शुभचिन्तकहरूप्रति कृतज्ञता प्रकट गर्दछौं अनि आगामी तारिक १४ जनवरी २०१८ को दिन उनको निजी रानीपुल बजार, पुरानो वन विभाग कार्यालयमुनि, पूर्व सिक्किममा सम्पन्न हुने उनको अन्त्येष्टि कार्यमा उपस्थित भई दिवांगत आत्माको चिर शान्तिको निम्ति प्रार्थना गरिदिनु हुन हामी निवेदन गर्दछौं।

**विनीत**
**शेरबहादुर छेत्री (पति)**
**उमेश कार्की (छोरा)**
**रीता छेत्री, दीपा छेत्री (छोरीहरू)**
**दिलीप छेत्री, प्रेम छेत्री, चन्द्र छेत्री (देवरहरू)**
**पवित्र छेत्री, इन्दिरा छेत्री, विनीता छेत्री (देवरानीहरू)**
**सम्पर्कः 9735022821 / 7076873723, 8514026303 / 8016283484 / 9734973428**

## अन्त्येष्टि क्रिया



हाम्रा पुजनिय पिता ठाकुर सिंह प्रधान(अवकाश प्राप्त शिक्षक)को गत ०४ जनवरी २०१८बिहीबार को दिन निधन भयो।यसर्थ हामीलाई यश दुःखद घडिमा सहयोग एवं सहानुभूति प्रकट गरिदिनु हुने सम्पूर्ण बन्धुबान्धव,इष्ट मित्रगण आफन्तजन तथा शुभचिन्तक प्रति कृतज्ञता प्रकट गर्दै आगामी १६ जनवरी २०१८मगंलबारको दिन हाम्रो निज निवास पश्चिम सिक्किम स्थित मलिदाङ,बुदाङमा हुने अन्त्येष्टि क्रियामा सामेल भई वहाँ को चिर आत्मा शान्ति को निम्ति प्राँथना गरि दिन हुन निवेदन गर्दछौं।

**विनित**
**शिला देवी प्रधान (पत्नी)**
**विकास प्रधान (छोरा), शोभा प्रधान (बुहारी)**
**सरिता, इन्दु र दिपा प्रधान (छोरीहरु)**
**राजेन प्रधान, सन्जय छेत्री र श्याम कुमार बस्नेत (ज्वाईहरु)**
**केपि प्रधान, डिएस प्रधान, डिबि प्रधान र एलबि प्रधान (भाईहरु)**
**सम्पर्क: 9832304010 9733284204 9733361027**

## अन्त्येष्टि क्रिया



हाम्रा पूजनीय पिता केशरसिंह मोहोराको गत ०२ जनवरी २०१८ मंगलवारको दिन निधन भयो। यसर्थ हामीलाई यस दुःखद घडीमा सहयोग एवं सहानुभूति प्रकट गरिदिनु हुने सम्पूर्ण बन्धुबान्धव, इष्ट मित्रगण आफन्तजन तथा शुभचिन्तकप्रति कृतज्ञता प्रकट गर्दै आगामी १४ जनवरी २०१८ आइतवारको दिन हाम्रो निज निवास दक्षिण सिक्किमस्थित लिङ्मो-कोल्थाङमा हुने उहाँको अन्त्येष्टि क्रियामा सबै इष्टमित्र, बन्धु-बान्धव, आफन्त, शुभचिन्तकहरूलाई सहभागी बनी उहाँको आत्माशान्तिको निम्ति प्रार्थना गरिदिने विनम्र अनुरोध गदछौं।

**विनीत**
**विष्णुमाया मोहोरा (पत्नी)**
**टेकबहादुर मोहोरा, टिकाराम मोहोरा, बिरेन्द्र मोहोरा, केदारनाथ मोहोरा अनि सुरेन्द्र मोहोरा (छोराहरू)**
**मिना कुमारी दर्जी, मनमाया अनि सुमित्रा (छोरीहरू)**
**एवं सम्पूर्ण शोकाकूल परिवार**
**सम्पर्कः 9083120237**